## सूचना २

श्री ५ को सरकारले नगरपालिका ऐन, २०४७ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी फोहर मैला व्यवस्थापन तथा स्रोत परिचालन केन्द्रको कार्यालयहरू भएका नगरपालिकाहरूमा उक्त कार्यालयको अधिकृतस्तरको एकजना कर्मचारीलाई नगरपालिकाको सदस्य तोकेको छ ।

आज्ञाले,
धर्मबहादुर थापा
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८ को उप-दफा ८.३ ले दिएको अधिकार प्रयोग गरी सोही दफाको उप-दफा ८.१.५ र उप-दफा ८.१.६ मा उल्लेखित सदस्यहरूको सट्टा क्रमशः काठमाडौं नगरपालिकाको कार्यकारिणी सचिव र स्वास्थ्य मन्त्रालयको रा. प. प्रथम श्रेणीको प्रतिनिधि राखी सञ्चालक समितिको सदस्यमा हेरफेर गरेको छ ।

आज्ञाले,
सन्तबहादुर राई
श्री ५ को सरकारको सचिव

८८



मुद्रण तथा प्रकाशन विभाग सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।